**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. २**

**माननीय न्यायाधीश श्री तेजबहादुर कार्की**

**माननीय न्यायाधीश श्री डालकुमार खड्का**

**फैसला**

**विषयः परमादेश।**

**निवेदन नं. 075-WO-0050**

**नि. नं. ३२६**

गोरखा जिल्ला, साविक च्याङ्ली - ९ हाल पालुङ्टार नगरपालिका वडानं. ७ बस्ने दयाखर तथा डिल्लुमाया पुडासैनीको छोराबुहारी भवप्रसाद पुडासैनीको श्रीमती वर्ष ७५ की दुर्गमामाया पुडासैनी -१ र ऐ. बस्ने प्रेम प्रसादको श्रीमति वर्ष ७५ की भद्रकुमारी पुडासैनी-१ समेत........................................................ जना २ } निवेदक

**विरुद्ध**

मालपोत कार्यालय, गोरखा.....................................................................१
मालपोत कार्यालय गोरखाका मालपोत अधिकृत श्री देवेन्द्र बहादुर थापा............१ } विपक्षी

न्याय प्रशासन ऐन , २०७३ को दफा ८( १) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत रिट निवेदनपत्र र लिखित जवाफको संक्षिप्त विवरण एवं आदेश व्यहोरा निम्न अनुसार छः-

**तथ्य-खण्ड**

१. मु. डिल्लीमाया जिम्माको २००७ सालको १० वर्षे घरदर नम्बरीमा मेरा स्व. पतिदेव मु. दयाखर परलोक हुदा मेरो नाउमा दर्ता भएको मजुवा वगर पाखो विजमाना ।।१ मध्ये विजमुठी ।।।१ को कित्ता १ र ऐ। लगतको बडहरे भन्ने विज पाथी।४ मध्येको विजमुठी ।।।२ को बडहरे मध्ये बाहिरीपाटो कित्ता मेरो अंश भागमा परी सो मजुवा बगर पाखोको पुर्व भवप्रसाद को साँध ,पश्चिम मेरै जग्गा , उत्तर दुर्गामाया र बडहरे लाम्पाटाको साँध, मेरै साधको कि.नं. ६४८ र मेरै हकभोग दर्ता, तिरोको पुर्व वेत नारायण श्रेष्ठ पश्चिम वेलबहादुर श्रेष्ठ र चौतारो उत्तर वीर बहादुर कुमालको साध दक्षिण राम प्रसाद समेतको साध भित्रको बडहरे पाखो सर्भे नापीको कि.नं. ६७१ मा कित्ताकाट भएको जग्गालाई सर्जिमिनको आधारमा ऐलानी भनी ७ नं. नापी गोश्वारा , गोरखाले मिति २०४१।३।१ मा निर्णय गरे उपर सो निर्णय बदर गरी दर्ता गरीपाऊ भनी सासु डील्लुमायाको गोरखा जिल्ला अदालतमा मिति २०४१।८।११ मा फिराद परेको थियो। उक्त मजुवा वगर पाखो विज ।।१ को चार किल्ला नक्सा भिडाई हेर्दा , झगडा परेको न.नं. ११ को कि.नं. ६४८ को जग्गा पर्न आएको देखिँदा उक्त कि.नं. ६४८ को पर्ति

जनाई सार्वजनिक ठहराएको ७ नं. नापी गोश्वाराको निर्णय वदर भई वादीको नाउमा दर्ता हुने र उपरोक्त कि.नं. ६७१ को जग्गाको सम्बन्धमा न.नं. २६ को गोरेटो बाटो देखि उत्तर न.नं १६ को मर्स्याङदी गंगादेखि पुर्वको जग्गा वादीको वडहरे विजपाथी ।।४ मध्ये विजमुठी ।।।२ को जग्गा देखिन आएकोले सार्वजनिक भनी नापीले गरेको निर्णय केही हदसम्म उल्टि सम्म नमिलेकोले कित्ताकाट गरी वादीको चारकिल्ला भित्र पर्ने जग्गा निजका नाउमा दर्ता हुने ठहराई मिति २०४२।२।६ मा फैसला भई अन्तिमभै बसेको अवस्था छ।
उक्त फैसला भएपछि सासु आमा जिवित छउन्जेल निज डिल्लु मायाले र वहाको शेषपछि हकवाला हामी निवेदक दुर्गामाया पुडासैनीका पति भव प्रसाद र म निवेदिका भद्र कुमारी पुडासैनीले सो फैसला बमोजिम जग्गा दर्ता गरीपाउ भनी मालपोत कार्यालय गोरखामा २०४५ सालदेखि निवेदन दिई कारवाही चलाएकोमा विभिन्न वहाना बनाई सो फैसला कार्यान्वयन गरी नदिएकोले ज्यादै मर्का परेको छ। विपक्षीको सो कार्यले नेपालको संविधानको धारा २५ द्वारा प्रदत्त मौलिक हकमा आघात परेको हुदाँ हाम्रो निवेदन उपर छिटो काम कारवाही गरी गोरखा जिल्ला अदालतको मिति २०४२।२।६ को फैसलाले ठहरे बमोजिमको जग्गा दर्ता गरी सो फैसला यथासिघ्र कार्यान्वन गर्नु गराउनु भनी परमादेश वा उपयुक्त आदेश जारी गरी पाँउ भनी नेपालको संविधानको धारा १४४ (१)(२) आधारमा न्याय प्रशासन ऐन २०७३ को दफा ८ (१) बमोजिम दुर्गामाया पुडासैनी र भद्रकुमारी पुडासैनीको मिति २०७५।११।९ को संयुक्त ररिट निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी गर्नु नपर्ने हो ? कानूनसम्मत आधार र कारण भए सो समेत खुलाई यो आदेशसहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र सम्बन्धित मिसिल साथै राखी उच्च सरकारी वकील कार्यालय पोखरा मार्फत लिखित जवाफ पेस गर्नू भनी निवेदन र आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा सूचना/म्याद जारी गरी नियमानुसार पेस गर्नू भन्ने मिति २०७५।११।१२ को यस अदालतको आदेश।

३. मालपोत ऐन, २०३४ को दफा २(ख), जग्गा नापजाचँ ऐन , २०१९ को दफा २ (ङ) समेतले पर्ति जग्गा सरकारी जग्गा भनी परिभाषा गरेको छ। नापी कार्यालय गोरखाबाट प्राप्त फिल्डबुकमा च्याङ्ली गा.वि.स वडा नं. ९ को कि.नं. ६४८ क्षेत्रफल ५-१४-२-० को र कि.नं. ६७१ क्षेत्रफल १८-१५-३-१ को जग्गा फिल्ड बुकको विरह मा पर्ति जनिएको हुँदा सरकारी जग्गा भएको अवस्था छ। उल्लेखित जग्गा निवेदकले माग गर्दैमा पर्याप्त प्रमाण र आधार विना व्यक्ति विशेषको नाममा दर्ता नहुने हुँदा दुषित मनसायले हुँदै नभएको प्रमाण पेश गरी आपसी मिलेमतोमा व्यक्ति विशेषको नाममा दर्ता हुने भनी निवेदक मध्येकी भद्र कुमारी र सासु नाताकी डिल्लु मायाँले गोरखा जिल्ला अदालतबाट मिति २०४२।२।६ मा शुरु फैसला गराउनु कानून सम्मत हुन सक्दैन। सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्ने दायित्व मालपोत कार्यलयको हुने भएकोले नेपाल सरकारको नाममा रहेको जग्गा व्यक्ति विशेषले माग गर्दैमा दर्ता गर्न नसकिने नै हुँदा रिट निवेदन खारेज गरी पऊँ

भन्ने व्यहोराको मालपोत कार्यालय गोरखा एवं ऐ. कार्यालयका मालपोत अधिकृतको मिति २०७५।११।२६ को लिखित जवाफ।

४. यसमा निवेदकले गोरखा च्याङली वडा नं. ९ को कित्ता नं. ६४८ र ६७१ का जग्गा दर्ता गरिपाऊँ भन्ने निवेदन सहितको मिसिल गोरखा मालपोत कार्यालयबाट र वादी *डिल्लु माया पुडासैनी* प्रतिवादी *हर्क बहादुर कुमाल समेत* भएको सम्बत २०४१ को सा.दे. २१८ हक कायम निर्णय दर्ता बदर मुद्दामा मिति २०४२।२।६ मा भएको फैसला सहितको सक्कल मिसिल गोरखा जिल्ला अदालतबाट झिकाई आएपछि नियमानुसार पेश गर्नू भन्ने बेहोराको मिति २०७५।१२।१३ को यस अदालतको आदेश।

यसमा लिखित जवाफको प्रकरण ७ ग. मा उल्लेखित निवेदन सहितको मिसिल साथै राखी पेश गर्नू भन्ने मिति २०७६।१।२५ को आदेश।

५. **सलग्न कागजातहरु-** निवेदक दुर्गा मायाका पति भव प्रसाद पुडासैनी र भद्र कुमारी पुडासैनी जग्गा दर्ता गरी पाऊँ भनी मालपोत कार्यालय गोरखामा दिएको निवेदन सहितको फाइल थान १, वादी डिल्लु मायाँ पुडासेनी प्रतिवादी हर्क बहादुर कुमाल भएको निर्णय बदर हक कायम मुद्दामा गोरखा जिल्ला अदालतको मिति २०४२।२।६ को फैसला सहितको छिनुवा मिसिल थान १ साथै रहेको देखिन्छ।

## आदेश-खण्ड

६. उच्च अदालत नियमावली, २०७३ को नियम ८५ अनुसार पेश भएको प्रस्तुत परमादेशको रिटका सम्बन्धमा निवेदन पत्र एवं लिखित जवाफ सहितको मिसिल तथा झिकाई आएको प्रमाण मिसिलहरु समेत अध्ययन गरी उपस्थित निवेदक एंव विपक्षी तर्फका विद्वान कानुन व्यावसायीले गर्नु भएको बहस समेत सुनियो।

७. रिट निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री खगेन्द्र राज आचार्यले रिट निवेदन पत्रमा उल्लेखित गोरखा जिल्ला च्याङली गा.वि.स. वडा नं. ९ को कि.नं. ६४८ को क्षेत्रफल भिट रोपनी ५-१४-२-० पुरै र कि.नं. ६७१ को क्षेत्रफल १८-१५-३-१ मध्ये गोरखा जिल्लबाट भएको नाप नक्साको नक्सा नं. २६ को गोरेटो वाटो देखि उत्तर र नं. १६ को मर्स्याङदि गंगादेखि पुर्वको जग्गा पक्ष निवेदिकहरुको वडहरे जग्गा देखिएकोले सो जग्गा साविक श्रेष्ता अनुसार व्यक्तिको जग्गा छुट्याई निवेदिकाहरुको नाउमा किति २०४२।२।६ को अन्तिम फैसला प्रमाण लगाई निवेदिकको माग अनुसार दर्ता गरिदिनु पर्नेमा विपक्षी मालपोत कार्यालयले विना कारण आलटाल गरी जग्गा दर्ताको निवेदन उपर निर्णय नगरी राखेकोले उक्त विषयमा निर्णय गर्नुभनी विपक्षीका नाउमा परमादेश जारी गरीपाउ भनी बहस गर्नुभयो।

८. विपक्षी मालपोत कार्यालय, गोरखाको तर्फवाट उपस्थित उच्च सरकारी वकिद्ल कार्यालय पोखराको विद्वान उपन्यायाधिवक्ता श्री प्रतिमा भट्टराईले निवदन दावीको जग्गा सर्भे नापीको फिल्डबुकबाट वाझो पर्ति रहेको देखिँदा उक्त कित्ता नं. ६४८ र ६७१ को जग्गा प्रचलित कानुन अनुसार सरकारी जग्गा हुने भएकोले रिट निवेदिकाहरुको माग अनुसार विपक्षीको नाउमा कुनै आदेश जारी हुनु पर्ने होईन, रिट निवेदन खारेज गरीपाउ भनी बहस गर्नुभयो।

९. उपरोक्त बहस सुनी मिसिल अध्ययन गरी विचार गर्दा, प्रस्तुत विषयमा निवेदिकाहरुको माग अनुसार परमादेश जारी हुने हो होईन? भन्ने विषयमा आदेश हुनुपर्ने देखियो।

१०. यसमा, गोरखा जिल्ला अदालतको मिति २०४२।२।६ को फैसला बमोजिम जग्गा दर्ता गरी पाऊँ भनी पछिल्लो पटक मिति २०७४।२।४ मा पेश गरेको निवेदन उपर विपक्षीहरुले कुनै कारवाही नगरेकोले परमादेश जारी गरी पाऊँ भनी रिट निवेदन गरेकोमा क्षेत्रिय किताबमा समेत सरकारी जग्गा भनी दर्ता भएको अवस्थामा गोरखा जिल्ला अदालतबाट मिति २०४२।२।६ मा शुरु फैसला गराउनु कानून सम्मत हुन सक्दैन र मालपोत ऐन २०३४ को दफा २४ र मुलुकी देवानी संहिताकको दफा ३०४ ले त्यसो गर्न मिल्दैन रिट खारेज गरी पाउभनी मालपोत कार्यालय गोरखाको तर्फबाट संयुक्त लिखित जवाफ परेको देखियो।

११. प्रस्तुत विषयमा गोरखा जिल्ला अदालतबाट प्राप्त २०४२ सालको फैसला सहितको प्रमाण (रेकर्ड) मिसिल हेर्दा , उल्लेखित सर्भे नापीको कि.नं. ६४८ को जग्गा सरकारी ऐलानी होईन, मेरो हक दर्ता तिरेको मजुवा बगर पाखो र कि.नं. ६७१ को जग्गा हकभोग दर्ता तिरेको बडहरे पाखो भित्रको जग्गा भएकोले जिल्ला गोरखा च्याङली गा.पा. कि.नं. ६४८ र ६४१ को उक्त दुवै कित्ता जग्ग मेरा नाउमा दर्ता गरी पाऊ भनी यि रिट निवेदिका दुर्गामाया पुठासैनीको सासु डिल्लीमाया पुडासैनीको मिति २०४१।८।११।२ मा फिराद परी त्यसमा गोरखा जिल्ला अदालतबाट मिति २०१।११।२३।३ मा मुली ऐन , अ.वं. १७१ नं. बमोजिम स्थलागत नापनक्सा गराउउदा नक्सा नं. १ देखी २७ सम्म उल्लेख चित्रण रेखाङ्कन गरी त्यस मध्ये नक्सा नं. ११ सर्भे कि.नं. ६४८ को झगडा परेको जग्गा , न.नं. २६ मर्स्याङदी जाने बाटो र न.नं. २७ झगडा परेको जग्गा भनी यी निवेदकहरुको दर्ता भोग भको अन्य कित्ता जग्गाहरुको समेत नक्सा नम्बर राखी नापजाच भई आएको देखिएको छ।

१२. उपरोक्त मिति २०४१।१२।२३ को स्थलगत नाप नक्सा समेतका आधार प्रमाणहरु हेरी चार किल्ला भिडाई हेर्दा क्रमशः नक्सा नं. १, ४, ८ र १० मिल्न भिडन आएकोले न.नं. ११ को जग्गा वादीकै देखिन आएकोले सो कित्त न. ६४८ को जग्गा पर्ति जनाई सार्बजनिक ठहराएको ७ नं. नापी गोश्वाराको निर्णय मिलेको नदेखिँदा बदर हुन्छ र वादीको नाममा दर्ता हुने ठहर्छ।वादी दावीको कित्ता नं. ६७१ जग्गाको किल्लातर्फ नक्सामा भिडाई हेर्दा न.नं. ९,१२,१५ र १९ सँग उक्त किल्ला मिल्न भिड्न आएको देखिदा न.नं. २६ गोरेटोबाटो देखि उत्तर न.नं. १६ मर्स्याङदी गङ्गा देखि पुर्वको जग्गा वादीको बडहरे ।४ मध्ये विज २ मुठीको जग्गा देखिन आएकोले सो जग्गा समेत सार्वजनिक भनी नापीले गरेको निर्णय केही हद सम्म नमिलेकोले कित्ता काट गरी वादीको चारकिल्ला भित्र पर्ने जग्गा निजको नाममा दर्ता हुने ठहर्छ भनी गोरखा जिल्ला अदालतबाट मिति २०४२।२।६।१ मा फैसला भएको रहेछ।

१३. उपरोक्त फैसला कार्यान्वयन को लागि यी रिट निवेदकका पुर्वज हरुले फैसला अनुसार नामसारी गरी पाउ भनी अघि विभिन्न मितिमा विपक्षी मालपोत कार्यालय गोरखामा निवेदन दिई कारवाही चलाउदा पनि गोरखा जिल्ला अदालतको उक्त फैसला कार्यान्वयन नगरी

दिएकोले सो फैसला अक्षरशः कार्यान्वयन गरी पाउन परमादेशको आदेश माग गरी प्रस्तुत रिट निवेदन परेकोमा मालपोत कार्यालय गोरखाबाट प्राप्त सो सम्बन्धि रेकर्ड मिसिल हेर्दा भद्रकुमारी समेतको मिति २०७४।२।४ को द.नं. ८२०४ को निवेदनमा "श्री मुद्दा, संलग्न कागजात बिस्तृत रुपमा अध्ययन गरी मिल्ने भएमा नियमानुसार प्रकृया अगाडी बढाउने" भनी रातो मसीले सोहि मितिमा तोक लगाई सो अनुसार नापी कार्यालय गोरखावाट फिल्डबुक झिकाएको देखिन्छ।

१४. त्यसपछि सोहि विषय निवेदन सकार गरीपाउ भनी दुर्गामाया पुडासैनीले मिति २०७४।१०।७ मा विपक्षी मालपोत कार्यालयमा पेश गरेको दर्ता नं. ६५४८ नं. को निवेदन पत्रमा पनि अदालतको फैसला अध्ययन गरी यकिन राय तथा प्रमाण खुलाई पेश गर्ने भनी श्री मुद्दाका नाममा तोक लगाई राखेको सो हाकीमको तोक आदेश अनुसार अरु कुनै काम कारवाही गरी त्यसै राखेको अबस्था मालपोत कार्यालय गोरखाबाट प्राप्त जग्गाको दर्ता सम्बन्धी फाईलबाट देखिन्छ।

१५. विपक्षी मालपोत कार्यालयको उक्त फाईलबाट देखिएको उपरोक्त काम कारबाहीबाट सो जग्गा दर्ताको विषयमा सोही कार्यालयले कुनै न कुनै तवरले उक्त दर्ता सम्बन्धि विषयलाई टुङ्गो लगाउने प्रयास गरेको जस्तो देखिएपनि विपक्षीले पेश गरेको लिखित जवाफमा , नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको उक्त दाबीको कित्ता न. ६४८ र ६७१ को जग्गा २०३६ सालमै नेपाल सरकारको नाममा दर्त भएकोले निवेदकले माग गर्दैमा पर्याप्त प्रमाण र आधार विना व्यक्ति विशेषको नाउमा दर्ता नहुने भनी उल्लेख गरिएको देखिएबाट लिखित जवाफको उक्त जिकिरबाट एकातर्फ माथि प्रकरण १४ मा उल्लेख भएको कारवाही गर्नु भन्ने तोक आदेशको ब्यहोरासँग परस्परमा विरोधाभाष देखिन्छ भने अर्को तर्फ उक्त जग्गा मिति २०४२।२।६ को गोरखा जिल्ला अदालतको फैसलाले ठहरेको हद सम्म पर्ति जनाई सार्वजनिक गरेको ७ नं. नापी गोश्वाराको निर्णयनै बदर भैसकेको स्थितिमा वादीको नाउमा कुनैपनि जग्गा दर्तागर्न नमिल्ने भनी गोरखा जिल्ला अदालतको फैसलाको विपक्षी मालपोत कार्यालयले अबमुल्यन एवं अवज्ञा गर्न खोजेको देखिन्छ।न्याय र कानुनको दृष्टिकोणले यस्तो अवस्था कदापी सृजना हुनु हुदैन।

१६. प्रस्तुत रिट निवेदन-पत्रमा ७५ वर्षिया निवेदिकाहरुले विपक्षी मालपोत कार्यालयमा पेश गरेको जग्गा दर्ता सम्बन्धि गोरखा जिल्ला अदालतको प्रमाणको फैसला बमोजिम जग्गा दर्ताको कामकारवाही यथासिघ्र टुङ्गो लगाई पाउन माँग गरेको देखिन्छ तर ७५ बर्ष नाघेका यि बयोवृद्ध महिलाहरुको जग्गा दर्ताको विषयमा परेको निवेदनमा आवश्यक कार्वाही गरी मालपोत ऐन २०३४ को दफा ३२ बमोजिम अधिकार प्रयोग गरी आवश्यक प्रमाण बुझी निर्णय गर्न विपक्षीलाई कुनैपनि कानुनले बाधा गरेको देखिदैन र कानुननः त्यस्तो कुरामा मौजुदा र संकलित कागज प्रमाणबाट निर्णय गरी निवेदनको टुङ्गो लगाउनुपर्ने विपक्षीहरुको कानुनी कर्तव्य देखिन आउछ। वस्तुतः रिट निवेदन-पत्र लगायतका फाईल संलग्न कागजहरु र आवश्यक प्रमाण जुटाई यथासक्य छिटो बयोवृद्ध निवेदिकाहरुको जग्गा दर्ता सम्बन्धि निवेदनमा जो चाहिने निर्णय नगरी कुनैपनि बहानामा विपक्षी मालपोत कार्यालय र मालपोत अधिकृत पन्छिन नमिल्ने देखिन्छ।यति वृद्ध महिलाहरुको यस्तो

प्रकृतिको उजुरी वा रिट निवेदन आउन नपरोस र अदालतको फैसला कार्यान्वयन गर्न यतिका वर्ष मालपोत कार्यालय धाउन नपरोस भनी यो अदालत र विपक्षी मालपोत कार्यालय गोरखामा कार्यरत मालपोत अधिकृत लगायत सबै राष्ट्र सेवकहरु चिन्तित हुनुपर्ने अवस्था यो निवेदन सुनुवाईको क्रममा देखा पर्न आएको छ।

१७. अतः उपरोक्त प्रकरणहरुमा भएको तथ्य विश्लेषण एवं अन्य आधार कारणहरुवाट फैसला अनुसार नामसारी दर्ता गरी पाऊँ भनी यिनै निवेदक तर्फबाट विपक्षी मालपोत कार्यालय गोरखामा पेश गरेको मिति २०७४।२।४ को निवेदन पत्रमा विपक्षी मालपोत अधिकृतले "संलग्न कागजात विस्तृत अध्ययन गरी मिल्ने भएमा नियमानुसार प्रक्रिया अघि बढाउने भनी तोक लगाई फिल्डबुक उतार झिकाएको " फैसलाको विषयमा गोरखा जिल्ला अदालतमा अघि पत्राचार भएको भन्ने देखिए पनि निवेदन दावीको जिल्ला गोरखा, च्याङली गा.वि.स. वडा नं. ९ को कि.नं. ६४८ र ६७१ को जग्गाको श्रेस्ता सम्म सो कारवाहीको मिसिलमा राखेको तर उक्त निवेदनमा कुनै निर्णय गरेको अवस्था नदेखिएकोले उक्त मिति २०७४।२।४ को निवेदन सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा ३२ बमोजिम जो बुझ्नु पर्ने बुझी बयोवृद्ध निवेदिका भद्रकुमारी पुडासैनी र दुर्गामाया पुडासैनीको उक्त निवेदन पत्रको सम्बन्धमा आवश्यक निर्णय गरी टुंगो लगाउनु भनी विपक्षीहरुका नाउँमा परमादेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल</u>**

- यो आदेशको छाँयाप्रति उच्च सरकारी वकिल कार्यालय पोखरामा पठाईदिनु.........१
- गोरखा जिल्ला अदालतबाट प्राप्त फैसला सहितको छिनुवा मिसिल फिर्ता पठाईदिनु...२
- यो आदेशको छायाप्रति राखी मालपोत कार्यालय गोरखाबाट प्राप्त हुन आएको जग्गा दर्ता सम्बन्धि निवेदन-पत्र सहितको फाईल सोहि कार्यालयमा यो आदेश कार्यान्वयनको लागि पत्रसाथ तुरुन्त फिर्ता पठाईदिनु....................................३
- यो आदेशको विद्युतीयप्रति यस अदालतको कम्प्युटर नेटवर्क प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा मिसिल बुझाइदिनू................................४
- सरोकारवालालाई नियमानुसार नक्कल दिनू..................................................५

**तेजबहादुर कार्की**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**डालकुमार खड्का**
**न्यायाधीश**

इजालास अधिकृतः रामप्रसाद न्यौपाने
कम्प्युटर अपरेटरः सुष्मा शर्मा
इति सम्वत २०७६ साल जेठ महिना २६ गते रोज १ शुभम्...........।